# तुर्माखाँद गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**तुर्माखाँद, अछाम**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम हुने बारे सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२७)**

सुदूरपश्चिम प्रदेश, अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका वडा नं. ३, ४, ५ र ६ भएर बग्ने कर्णाली नदीको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्य सञ्चालन गर्न प्रस्ताव गरिएको छ। उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा प्रस्ताव कार्यान्वयनबाट सम्बन्धित क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रणालीमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरू पहिचान तथा मूल्याङ्कन गरिनेछ। यस क्रममा स्थानीय बासिन्दा, सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय, विद्यालय, स्वास्थ्य चौकी, वन उपभोक्ता समूह, सरोकारवाला व्यक्ति तथा संस्थाहरूको राय, सुझाव, प्रतिक्रिया तथा गुनासो संकलन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्न लागिएको हुँदा सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव र प्रस्तावक सम्बन्धी जानकारी**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | प्रस्तावक: तुर्माखाँद गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना: तुर्माखाँद, अछाम, सुदूरपश्चिम प्रदेश, नेपाल<br>ई-मेल: ito.turmakhadmun@gmail.com<br>वेब: www.turmakhadmun.gov.np |
| **प्रस्तावको व्यहोरा:** | तुर्माखाँद गाउँपालिका वडा नं. ३, ४, ५ र ६ भएर बग्ने कर्णाली नदीको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले ढुंगा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण। |

**परामर्शदाता:** हुनैनाथ कन्सल्टिङ प्रा.लि. मैतिदेवी, काठमाण्डौ, नेपाल

फोन नं.: ९८४५८७६२८७,९८६१९०७६८०

ई-मेल: hunainathconsulting8@gmail.com

सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान

| **विवरण** | जानकारी |
|---|---|
| **स्थान** | तुर्माखाँद गाउँ कार्यपालिकाको कार्यालय, तुर्माखाँद, अछाम(वडा नं ४ र ५) |
| **मिति** | २०८३/०६/०२ |
| **स्थान** | तुर्माखाँद गाउँपालिका वडा नं ६ को कार्यालय(वडा नं ३ र ६) |
| **मिति** | २०८३/०६/०३ |
| **समय** | बिहान १०:०० बजे |